फोन नं. 061411607, 9856011607

# श्री लक्ष्मी माध्यमिक विद्यालय

## पोखरा महानगरपालिका-२६, अर्घौं, कास्की

स्थापित : २०१५

IEMIS CODE: 400220033
shreelaxmimavi@gmail.com

---

प.सं : २०८३/२०८४ मिती : २०८३/०६/०८
च.नं : ०३२/२०८३/२०८४

श्री सम्बन्धित सवै ।

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धमा ।**

प्रस्तुत विषयका सम्बन्धमा यस श्री लक्ष्मी माध्यमिक विद्यालय पोखरा-२६, कास्कीको माध्यमिक तह विज्ञान शिक्षक दरबन्दी १ (एक) रिक्त रहेको हुँदा विद्यालय व्यबस्थापन समितिको मिति २०८३/०५/०५ गते बसेको बैठकको निर्णय नं.६, बमोजिम उक्त रिक्त पदमा सरुवा पक्रियाबाट पुर्ति गर्नुपर्ने भएकाले सम्बन्धित विषय, तह र श्रेणीको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र २०८३/०६/२२ गते सम्म, शिक्षा नियमावलीको अनुसुची १७ बमोजिमको ढाँचामा निवेदन दिन शिक्षा नियमावली २०५९, (दशौं सम्सोधन २०८३), नियम २५ को सरुवा सम्बन्धी व्यबस्था बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरु**

१) सरुवाको लागि निवेदन ।
२) नेपाली नागरिकताको प्रतिलिपि ।
३) सेवा अवधि खुल्ने कागजात ।
४) शैक्षिक योग्यता र तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि ।
५) हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात
६) स्थायी नियुक्तिपत्रको प्रतिलिपि
७) असाधारण तथा वेतलवी विदा सम्बन्धी कागजात
८) कार्यरत विद्यालयको सहमति पत्र
९) सम्बन्धित स्थानीय तहको सहमति पत्र
१० शिक्षा नियमावली २०५९, (दशौं संशोधन २०८३) को अनुसुचि १७ बमोजिमको फाराम
११) शिक्षा नियमावली, २०५९, (दशौं संशोधन २०८३) बमोजिम प्राथमिकता दावी गर्ने प्रमाण र कागजात

उक्त अवधिमा प्राप्त भएका निवेदनहरु शिक्षा नियमावली २०५९, (दशौं संशोधन २०८३) तथा प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडी बढाइनेछ । म्याद नाघि वा तोकियबमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाही हुनेछैन ।

नोट : यस रिक्त दरवन्दीमा जिल्लान्तर सरुवा नहुने जानकारी गराइन्छ ।

बोधार्थ :
१) श्री शिक्षा विकास तथा समन्वय इकाई, कास्की (जानकारी तथा वेवसाइटमा यो सूचना प्रकाशित गरिदिनुहुन ) ।
२) श्री पोखरा महानगरपालिका शिक्षा महाशाखा ( जानकारी तथा वेवसाइटमा यो सूचना प्रकाशित गरिदिनुहुन ) ।
३) श्री पोखरा महानगरपालिकाका वडा कार्यालयहरु ( जानकारी तथा वेवसाइटमा यो सूचना प्रकाशित गरिदिनुहुन )
४) श्री विद्यालय सूचना अधिकारी ( सूचना पाटी तथा फेसबुक पेजका लागि)

थप जानकारीका लागि ९८५६०२१२९१, ९८५६०२१३९१
E-mail : shreelaxmimavi@gmail.com

प्रधानाध्यापक